# विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मोरङ,बिराटनगर १नं. प्रदेश, नेपाल

## लिलामी सम्वन्धी सूचना

सूचना प्रकाशित मिति २०७९/०४/०४

यस महानगरपालिकाको मातहतमा रहेको विराटनगर महानगरपालिका वडा नं. ७ स्थित पुरानो अतिथि गृह भएको जग्गामा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि निर्माण व्यवसायीसँग सम्झौता भइसकेको र उक्त निर्माणस्थलमा रहेको पुरानो भवन भत्काउनु पर्ने भएकोले उक्त भवन जेस्तो अवस्थामा छ सोही अवस्थामा भत्काई साइट क्लियर गराउनका लागि शीलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नु पर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८(७) अनुसार लिलाम बिक्रिका लागि पुनः बोलपत्र आह्वान गर्दा समेत बिक्रि हुन नसकेमा कायम न्युनतम मुल्यमा बार्ताद्वारा सोझै बिक्रि गर्न सकिनेछ भनी व्यवस्था भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ।मिति २०७९/०४/११ गते दिनको १२:३० बजेदेखि २:०० बजेसम्म यस महानगरपालिकाको बैठक कक्षमा सोझै बोलकबोल गरिनेछ ।सोझै बार्ताबाट बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिनभित्र कबोल गरेको रकम दाखिला गरी भवन भत्काउन शुरु गरी तोकिएको समय भित्र साइट क्लियर गरी सक्नु पर्नेछ । नियमानुसार लाग्ने कर दस्तुरहरु बुझाउने दायित्व बोलपत्र पेश गर्ने बोलदाता वा व्यक्तिको हुनेछ । यस सम्वन्धी कुनै विवाद भएमा यस महानगरपालिकाको निर्णय नै अन्तिम हुनेछ। लिलाम सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस महानगरपालिकाको योजना शाखामा आइ बुझ्न सकिने छ । यसमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

तपसिल

| सि.नं. | लिलामी नं. | विवरण | मू.अ.कर समेत न्यूनतम कबोल अङ्क |
|---|---|---|---|
| १ | BMC/Lilami/-1/2078/079 | पुरानो भवन भत्काउने | १७९४९६६/- |

नोटः सबैभन्दा बढी कबोल गर्नेले तत्काल कबोल अङ्कको १०% रकम नगरपालिकामा धरौटीबापत सोही दिन जम्मा गर्नु पर्नेछ ।